आज मिती २०७५/८/१० गते सोमवारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ४२ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | निरध्वज लिम्बु | | |
| १७ | त्रिम ब. गुरागाई | | |

प्रस्तावहरु

१. स्थानीय घरेलु उद्योगलाई आर्थिक अनुदान दिने सम्वन्धमा ।
२. अध्यक्ष कप पुरुष वडा स्तरीय फुटवल प्रतियोगिता सम्वन्धमा ।
३. खानेपानी फिल्टर वितरण कार्यक्रम सम्वन्धमा ।
४.अपांगता समन्वय समिति गठन गर्ने सम्वन्धमा ।
५. सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।
६. बजेट रकमान्तर सम्बन्धमा ।
७. विविध

क) आई टु सी कार्यक्रमको बाँकी रकम सम्वन्धमा ।

ख) गाउँपालिकाका योजनाहरुको कन्टिनजेन्सि काटने सम्वन्धमा ।
ग) प्राथमिक स्वास्थ्य केन्द्र तथा चौकीमा कर्मचारी व्यवस्थापन सम्वन्धमा ।
घ) गोलिया सिफारिस सम्बन्धमा ।
ङ) सडक मर्मत सम्बन्धमा ।
च) नयाँ प्राविधिक कर्मचारीको तालिम सञ्चालन सम्वन्धमा ।
छ) हेभि मेसिन (व्याक हो लोडर र स्क्याभेटर) संचालन तथा व्यवस्थापन कार्यविधि तयार गर्ने सम्वन्धमा ।

निर्णयहरु

१. काप्राबोटे डेरी तथा दुग्ध संकलन केन्द्र लाई घरेलु उद्योग तथा उद्यमशिलता विकास कार्यक्रम शिर्षक बाट आर्थिक अनुदान रु. १,००,०००। (एक लाख) र दाजुभाई हातेचिया उद्योगलाई घरेलु उद्योग तथा उद्यमशिलता विकास कार्यक्रम शिर्षक बाट आर्थिक अनुदान रु. १,००,०००। (एक लाख) दिने निर्णय गरियो ।

२. माईजोगमाई गाउँपालिकामा खेलकुदलाई प्रवर्द्धन गर्न वालाचर्तुदशी मेला २०७५ को अवसरमा गाउँपालिका अध्यक्ष कप पुरुष फुटवल प्रतियोगिता सम्पन्न गर्ने तथा उक्त प्रतियोगिता आयोजना गर्न नव गठित गाउँपालिका खेलकुद विकास तदर्थ समिति लाई खेलकुद कार्यक्रम सम्पन्न गर्न रु. ३,५०,०००। (अक्षरेपी तीन लाख पचास हजार रुपैया मात्र) दिने निर्णय गरियो ।

३. माईजोगमाई गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्ने अभियान रहेको तथा उक्त अभियानलाई कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिकाको स्विकृत कार्यक्रम पूर्ण सरसफाई उन्मुख घोषणा कार्यक्रमबाट अमर कल्याण मा.वि.का विद्यार्थीहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउन खानेपानी फिल्टर वितरण कार्यक्रम गर्न रु ४५,०००। (पैतालिस हजार) बरावरको फिल्टर वितरण गर्ने निर्णय गरियो । उक्त कार्यक्रम सम्पन्न गर्न सामाजिक शाखाका कार्मचारी श्याम लिम्बु सेम्बो लाई जिम्मेवारी दिने निर्णय गरियो ।

४ अपांगता भएका व्यक्तिको हक हित संरक्षण सम्बन्धी विषयमा समन्वय गर्नको लागि आपांगता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४ बमोजिम निम्न व्यक्तिहरु रहने गरी स्थानीय अपांगता समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री सावित्रा भट्टराई | गा पा उपाध्यक्ष | संयोजक |
| श्री मन कुमारी लिम्बु | गाउँकार्यपालिका महिला सदस्य | सदस्य |
| श्री धन बहादुर भण्डारी | विद्यालय प्रअ मध्ये अध्यक्षबाट तोकेको | सदस्य |

Scanned by CamScanner

| | | |
|---|---|---|
| श्री राम कुमार थारु | स्वास्थ्य संस्थाको चिकित्सक मध्ये अध्यक्षबाट तोकेको | सदस्य |
| श्री राजु ठकुरी | ईलाका प्रहरी ईन्चार्ज, नयाँबजार | सदस्य |
| श्री हेमराज अधिकारी | अपांगता क्षेत्रको संस्था प्रतिनिधी अध्यक्षबाट तोकिएको | सदस्य |
| श्री | अपांगता भएका व्यक्ति बाट समितिले तोकेको | सदस्य |
| श्री | अपांगता भएका व्यक्ति बाट समितिले तोकेको | सदस्य |
| श्री | अपांगता भएका व्यक्ति बाट समितिले तोकेको महिला | सदस्य |
| श्री विष्णु कुमारी राई | सम्बन्धित विषय हेर्ने कर्मचारी | सदस्य |
| श्री श्याम लिम्बु सेम्बो | उपाध्यक्षले तोकेको कर्मचारी | सदस्य सचिव |

५. माईजोगमाई गाउँपालिकाको पहिचान झल्कने गीत तयारी खर्च (लेखन, संयोजन, रेकडिंङ र संगित) को लागि तथा बालाचर्तुदशि मेलाको उपलक्ष्यमा माईजोगमाई बहुसास्कृतिक तथा सांगितिक मेला २०७५ आयोजना गर्न गणेश रसिक फाउण्डेसन लाई कार्यक्रम सञ्चालन गर्न कला संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम शिषक बाट रु. ३,००,०००। (तिन लाख) दिने निर्णय गरियो ।

६. आ. व. ०७५।७६ को चालू बजेट शिर्षक २२६१२ भ्रमण खर्चमा विनियोजित बजेट बाट २५ प्रतिशतमा नबढने गरी रु. १० लाख रकमान्तर गरी बजेट शिर्षक ३११७२ पुँजिगत अनुसन्धान तथा परामर्श शिर्षकमा विनियोजन गर्ने र गाउँपालिकाको सडक गुरुयोजना तयार गर्न सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सुचिकृत परामर्शदाता बाट परामर्श सेवा मार्फत गुरुयोजना तयार गर्ने निर्णय गरियो ।

चालू आ.व. ०७५।७६ को स्विकृत बजेट तथा कार्यक्रमको पूजिगत बजेट शिर्षक समपुरककोषमा विनियोजित बजेट बाट २५ प्रतिशतमा नबढने गरी रु. १० लाख रकमान्तर बजेट शिर्षक ३११७२ पुँजिगत अनुसन्धान तथा परामर्श शिर्षकमा बिनियोजन गर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सुचिकृत परामर्शदाता बाट परामर्श सेवा मार्फत नयाँबजार थुम्के जौवारी मेग्मा सडक खण्ड डिपिआर तयार गर्ने निर्णय गरियो ।

चालू आ.व. ०७५।७६ को स्विकृत बजेट तथा कार्यक्रमको चालू बजेट शिर्षक २२७११ विविध बाट रु ४ लाख रकमान्तर गरी गाउँपालिकाको डकुमेन्ट्र निर्माणमा विनियोजित बजेटमा थप गरी गुणस्तरिय डकुमेन्ट्र निर्माण गर्ने ।

७. विविध

क) माईजोगमाई गाउँपालिका र करुणा फाउण्डेसन नेपाल विच साझेदारीमा सञ्चालित आई टु सी कार्यक्रम गाउँपालिकाको कार्यालयबाट संचालन भईरहेका सन्दर्भमा विगतमा स्वास्थ्य संचालन तथा व्यवस्थापन समितिबाट उक्त कार्यक्रम सञ्चालन भई आ.व. ०७४।७५ को असार मसान्त सम्मको बाँकी रहेको सम्पुर्ण रकम गाउँपालिकाको संचित कोषमा जम्मा गराई सो कार्यक्रम व्यवस्थापन गर्नको लागि पत्राचार गर्ने निर्णय गरियो ।

ख) माईजोगमाई गाउँपालिकाको आ.व. २०७५।७६ को स्विकृत योजना तथा कार्यक्रमहरु सम्पन्न हुँदा गाउँपालिका स्तरिय योजना तथा कार्यक्रममा ३ प्रतिशत र वडा स्तरिय योजना तथा कार्यक्रमहरुमा २ प्रतिशतका दरले कन्टिनजेन्सी रकम काटी भुक्तानी दिने निर्णय गरियो ।

Scanned by CamScanner

ग) संवेदनशिल क्षेत्र जस्तै प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीमा जनशक्तिको अभाव भई स्वास्थ्य सेवामा कठिनाई देखिएमा गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिलाई तत्काल काजमा एक ठाउँबाट अर्को ठाउँमा खटाई सेवालाई प्रभावकारी बनाउन गाउँपालिका प्रशासनलाई जिम्मेवारी दिने निर्णय गरियो ।

घ) गाउँपालिका क्षेत्रभित्रका कानुन बमोजिम निजी बनहरुका रुख कटानी गर्ने सम्बन्धमा वडा कार्यालयबाट नियमानुसार लाग्ने राजस्व असुल गरी फायल तयारको लागि डिभिजन बन कार्यालयमा सिफारिस गर्ने साथै रुख कटानको आवश्यक प्रभावकारी अनुगमन गर्न समेत वडा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै सडकको क्षेत्राधिकार भित्र गोलिया राख्न नदिने, र गोलिया राखेको पाईएमा ईलाका प्रहरी कार्यालय र प्रहरी चौकी सँग समन्वय गरी गोलिया हटाई सडकलाई सहज आवत जावतको व्यवस्था मिलाउने निर्णय गरियो ।

ङ) माईजोगमाई गाउँपालिका क्षेत्रको पर्यटकिय महत्वको तपशिलको सडकखण्ड वर्षा यामको कारणले गर्दा खाल्डा खुल्डी भई सवारी साधन आवत जावत गर्न कठिन भएको साथै आन्तरिक पर्यटक र स्थानीयको दैनिक जनजीवन कष्टकर भएको हुँदा मर्मतको लागि तपसिलका सडक खण्डमा रकम विनियोजित गरी तत्काल मर्मत सम्भारको लागि ब.शि.न.२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत खर्च शिर्षकबाट तपशिल बमोजिमको रकम खर्च गर्ने निर्णय गरियो । उक्त कार्य अमानत वाट गर्ने जिम्मेवारी प्राविधिक कर्मचारी श्री बन्धु राईलाई दिने निर्णय गरियो ।

| क्र.सं. | सडक खण्डको नाम | विनियोजित रकम | अनुगमनको लागि जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | छिपछिपे देखि थुम्के सम्म सडक पुरपार तथा मर्मत, वडा नं. १ र ६ | ६५,००० ।(पैसठ्ठी हजारमात्र) | याम ब. रसाईली, कार्यपालिका सदस्य | अमानत |
| १ | थुम्के देखि आले भन्ज्याङ सडक खण्ड सम्म मर्मत | १,००,०००। (एक लाख मात्र) | याम ब. रसाईली, कार्यपालिका सदस्य | अमानत |

च) नयाँ प्राविधिक कर्मचारीलाई तत्काल सैद्धान्तिक र प्रयोगात्मक गरी जम्मा ७ दिनको तालिम दिई गाउँपालिकाको योजनाको कार्यान्वयनको लागि प्राविधिक कार्यमा खटाउने निर्णय गरियो तथा उक्त तालिम सञ्चालनको लागि गाउँपालिकाको प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो ।

छ) गाउँपालिकाद्धारा खरिद गरिएको हेभि मेसिन (ब्याक हो लोडर र स्क्याभेटर) को प्रभावकारी संचालन तथा व्यवस्थापन गर्नको लागि कार्यविधि तयार गर्ने निर्णय गरियो ।

Scanned by CamScanner